السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# नेपाली राजदूतावास, दोहाको विशेष अनुरोध-२

मध्यपूर्वमा विकसित विद्यमान विशेष परिस्थितिलाई दृष्टिगत गर्दै कतारमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई यस राजदूतावास निम्न बमोजिम जानकारी तथा विशेष अनुरोध गर्दछ:

१. कतारको आधिकारिक निकायहरूबाट प्रेषित हुने समाचार/निर्देशन/सूचना बमोजिम सजग रहनुहोला,
२. कतारी हवाईक्षेत्र (Airspace) खुलेपश्चात् मात्र नियमित उडान शुरु हुने हुँदा सोबारे अद्यावधिक सूचनाका लागि Qatar Civil Aviation Authority को वेबसाइट हेर्नुहोला,
३. अफवाहपूर्ण सूचना सामग्री तथा घटनास्थलको तस्बिर/भिडियो सामाजिक सञ्जालमा साझा (share/post) नगर्नुहोला,
४. भिडभाड हुने स्थानमा आवश्यकता बाहेक नगइदिनुहोला,
५. कुनै अपरिचित शव वा शंकास्पद वस्तु नजिक नगइदिनुहोला,
६. सुरक्षितसाथ घरभित्रै बसिदिनुहोला तर सिसा/झ्याल/बार्दली छेउछाउ नबसिदिनुहोला,
७. मोबाइल फोन पूर्ण चार्ज गरी राख्नुहोला तथा केही नगद र महत्वपूर्ण परिचयपत्र समेत आफूसाथ राख्नुहोला,
८. नेपालमा रहेका आफ्ना परिवारसँग तथा कतारस्थित आफू बसेको क्षेत्रमा भएका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोला,
९. नेपाल तथा अन्य मुलुकका लागि दोहा ट्रान्जिट हुँदै यात्रा गर्ने क्रममा दोहामा रहनुपरेका नेपाली नागरिकलाई Medical Emergency परेमा राजदूतावासलाई तुरून्त सम्पर्क गर्नुहोला,
१०. यस परिस्थितिको फाइदा उठाउँदै केही ठग (Scammer) हरूले विभिन्न बहानामा नेपाली नागरिकलाई फोन गरी दु:ख दिएको जनगुनासो आएकोले यस्ता ठगीबाट जोगिन आफ्ना व्यक्तिगत तथा महत्वपूर्ण विवरण (कतारी आइडी, राहदानी, बैङ्क खाता, ए.टि.एम. कार्ड आदि सम्बन्धी विवरण) नदिनुहोला,
११. कतारस्थित केही महत्वपूर्ण सम्पर्क नं:

- नेपाली राजदूतावास, दोहा- +९७४ ४४६७ ५६८१, +९७४ ६६२१ ४४१९,
- प्रहरी/आगजनी/एम्बुलेन्स- ९९९
- हमाद जेनरल हस्पिटल- +९७४ ४४३९ ४४४४
- नेपाल एयरलाइन्स- +९७४ ६६५६ ०८३३
- हिमालय एयरलाइन्स- +९७४ ५०७२ १७४९
- कतार एयरवेज इमर्जेन्सी रेस्पोन्स टिम- +९७४ ४१४४ ५५५५

**नेपाली राजदूतावास,**
**दोहा, कतार**
**२०८२ फाल्गुण १८**

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, PO.Box No. 23002, Doha, Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np